**The Journal of DMC**
(A Peer-Reviewed Open Access Interdisciplinary Research Journal)
Vol. IV Issue 1 March, pp.178-187
ISSN 2717-4719
e-Journal Site: https://www.dsmc.edu.np/journal/

# लाहुरी भैँसी कथामा वर्गसङ्घर्ष

**सुनिल अर्याल**

**Article History**

Received: 13 May ,2025
Revised: 17 September, 2025
Accepted: 2 October, 2025

**Corresponding Author:**
Sunil Aryal
Drabya Shah Multiple Campus
Email: sunilaryal2015@gmail.com

**Publisher:**
Research Management Cell
Drabya Shah Multiple Campus,
Gorkha, Nepal
Email: info@dsmc.edu.np
Website: www.dsmc.edu.np
**Copyright:** Authors/ Publisher
This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License

## लेख सार

*लाहुरी भैँसी कथामा वर्गसङ्घर्ष शीर्षकको प्रस्तुत अध्ययनपत्र वर्गसङ्घर्षको विश्लेषणमा आधारित छ । वर्गसङ्घर्षले साहित्यिक कृतिमा ँसमुदायका मानिसहरुको आर्थिक अवस्था के कस्तो छ र तिनलाई कसरी चित्रण गरिएको छ भन्ने तथ्यलाई प्रष्ट पार्छ । यस अध्यनको मुख्य उद्देश्य  कथामा रहेका वर्गसङ्घषका विभिन्न पक्षहरुलाई केलाउनु रहेको छ।  प्रस्तुत अध्ययन साहित्यिक अध्ययनसँग सम्बन्धित हुनाले यो गुणात्मक विधि तथा पुस्तकालय कार्यमा आधारित छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोत सामग्री रहेका छन् । प्राथमिक सामग्रीका रूपमा विश्लेष्य कथा छ भने द्वितीयक सामग्रीका रूपमा मार्क्सवादका सम्बन्धमा भएका अध्ययन, समीक्षा, भूमिका, फुटकर लेखहरूका साथै मार्क्सवाद सम्बद्ध पुस्तक तथा लेख रचनाहरू रहेका छन् । यी छनोट  गरिएका सामाग्रीको अध्ययन गर्दा अध्ययनप्रश्न र निर्धारित उद्देश्यहरूको परिधिभित्र सीमित रहनुका साथै कथामा रहेको वर्गसङ्घर्षका आधारमा मात्र केन्द्रित भई अध्ययनको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार  मार्क्सवादी सिद्धान्त रहेको छ । यस सिद्धान्तका आधारमा अध्ययनका लागि छनोट गरिएको रमेश बिकलको लाहुरी भैँसी कथाको कथानक, पात्र र परिवेशको वर्गसङ्घर्षजस्ताा पक्षको पहिचान गरी विश्लेषण  गरिएको छ । यस अध्ययनमा वर्गसङ्घर्षका पक्षमा विचार विर्मश भएको छ ।*

**मुख्य शब्दावलीहरू:** *दर्शन, द्वन्द्वात्मक, भौतिकवादी, मार्क्सवाद, वर्गसङ्घर्ष*

## परिचय

रमेश विकल (१९८५–२०६५) को कथालेखन परम्परालाई हेर्दा २०३६ सालभन्दा अघि लेखिएका कथाहरू प्रगतिवादी धारामा केन्द्रित रहेका छन् (लुइटेल, २०६७) । प्रगतिवादी धाराका कथाकार रमेश विकलका कथामा समाजमा विद्यमान आर्थिक असमानता, सामाजिक भेदभाव, वर्गीय वैषम्य र भेदभाव, अन्धविश्वास र रुढि आदिको चित्रण पाइन्छ ।

लाहुरी भैंसी विकलको नयाँ सडकको गीत कथासङ्ग्रहमा सङ्ग्रहित प्रगतिवादी कथा हो । यस कथामा नेपाली समाजमा विद्यमान वर्गविभेद, असमानता, सामाजिक शोषणजस्ता कुरालाई समेटिएको छ । लाहुरी भैंसी कथामा तत्कालीन समाजमा रहेको वर्गसङ्घर्षको परिणति अभिव्यक्ति गर्ने प्रयास भएको छ ।

वर्गसङ्घर्ष मार्क्सवादी दर्शन र त्यसको साहित्यिक धारा प्रगतिवादको मुख्य विषयगत आधार तथा प्रवृत्ति हो (भट्टराई २०७२, पृ.५७) । यसमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी मान्यता अनुसार सामाजिक यथार्थको विश्लेषण गरी जीवन सौन्दर्यको अन्वेषण गरिएको छ । यसले साहित्यका माध्यमबाट समाजमा विद्यमान वर्ग सङ्घर्षको चित्रण गर्दै निम्न वर्गीय पक्षधरता दर्साई धार्मिक, जातीय, लैङ्गिक आदि तमाम प्रकारका शोषणको विरोध तथा प्रकृति र समाजका हरेक वस्तु र विचारमा हुने द्वन्द्व एवम् निरन्तर परिवर्तनप्रतिको आस्थालाई प्रस्तुत गर्दछ। यसले समाज र साहित्यको जीवन र साहित्यको, श्रम र साहित्यको अभिन्न सम्बन्ध रहेको मान्यता प्रस्तुत गर्दछ। रमेश विकलका कथा प्रगतिवादी चिन्तनलाई केन्द्र बनाएर रचना गरिएका छन् । यस सन्दर्भमा लाहुरी भैंसी कथामा वर्गसङ्घर्ष प्रखर रुपमा प्रकट भएको छ । वर्गसङ्घर्ष अभिव्यक्ति प्रगतिवादी कथाको महत्त्वपूर्ण विषयगत पक्ष पनि हो । यस परिप्रेक्ष्यमा विकलका कथाहरूमा वर्गसङ्घर्ष के-कसरी प्रकट भएको छ भन्ने कुरा प्राज्ञिक जिज्ञासाको विषय बनेको छ । लाहुरी भैंसी कथामा वर्गसङ्घर्ष प्रतिबिम्बन के-कसरी भएको छ जिज्ञासामा आधारित भएर प्रस्तुत लेखन कार्य सम्पन्न गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धानको प्रमुख समस्या भन्नु नै *लाहुरी भैंसी* कथामा वर्गसङ्घर्षको विश्लेषण तथा मूल्याङ्कन हो। यसको समाधान गर्नु नै अध्ययनको उद्देश्य हो। *लाहुरी भैंसी* कथालाई अनुसन्धानको क्षेत्र बनाई सम्पन्न गरिने प्रस्तुत अध्ययनको उद्देश्य निम्न रहेको छ :(क) *लाहुरी भैंसी* कथामा वर्गसङ्घर्षको प्रस्तुतिलाई निरुपण ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार मार्क्सवादी दर्शनको वर्गसङ्घर्ष रहेको छ । यस अध्ययन पत्र तयार गर्न पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। यो अध्ययन गुणात्मक अनुसन्धान विधिका पाठ विश्लेषण प्रक्रियामा आधारित छ। विवेच्य कथामा वर्ग सङ्घर्षको प्रतिविम्बनको स्थिति निरुपण गर्दा वर्ग सङ्घर्षसँग सम्बन्धी मार्क्सवादी मान्यताको उपयोग गरिएकाले यो विश्लेषण पद्धति निगमनात्मक प्रकारको छ । *लाहुरी भैंसी* कथामा वर्गसङ्घर्षका अभिव्यक्तिका सम्बन्धमा त्यसको

आख्यानीकरणको पद्धति समेतको अध्ययन गरिएकाले यसका लागि आख्यानात्मक तत्त्वको उपयोग गर्दै अनुसन्धान समस्याहरूको समाधान पहिल्याउने प्रयास भएको छ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययनको मुख्य शोध्य सन्दर्भ *लाहुरी भैँसी* कथामा अभिव्यक्त वर्गसङ्घर्षको निरुपण र मूल्याङ्कन गर्नु हो। सङ्घर्ष अनेकन प्रकार हुने र त्यसको निरुपणका पनि अनेक सैद्धान्तिक आधार हुने कुरा स्पष्टै छ। वर्गसङ्घर्ष भने मार्क्सवादी दर्शन र राजनीतिक मान्यतासँग सम्बद्ध विशिष्ट पारिभाषिक पदावली हो र मार्क्सवादले मानव समाजको आजसम्मको इतिहासलाई वर्ग सङ्घर्षको इतिहास मानेको छ मार्क्स-एङ्गेल्स (२०६४)। यो सामाजिक यथार्थको एउटा महत्त्वपूर्ण पाटो पनि हो। *लाहुरी भैँसी* कथा लेखन यही मार्क्सवादी मान्यतासँग सम्बद्ध छ। त्यसैले प्रस्तुत अध्ययनमा विवेच्य कथाको विश्लेषण गर्दा वर्गसङ्घर्षसँग सम्बद्ध मार्क्सवादी सैद्धान्तिक मान्यताको उपयोग भएको छ। मार्क्सवादी दर्शनको एउटा शाखा ऐतिहासिक भौतिकवादले समाज विकासको अध्ययन वर्गसङ्घर्ष सम्बन्धी मान्यताका आधारमा गर्दछ। प्रस्तुत अध्ययनमा ऐतिहासिक भौतिकवादको वर्गसङ्घर्ष सम्बन्धी सैद्धान्तिक मान्यताको निरूपण गर्दै त्यसैका आधारमा कथाहरूको निरुपण गरिएको छ।

## लाहुरी भैंसी कथामा वर्गसङ्घर्षको परिणति

साहित्यका आधारभूत तत्त्वहरू कथानक, पात्र, परिवेश र उद्देश्यमा प्रारूपीकरण कसरी हुन्छ भन्ने कुरासँग साहित्यको स्वरूप जोडिएको हुन्छ। सचेत रूपमा प्रस्तुत गरिएको वर्गीय साहित्यमा वर्गीय पक्षधरता हुनु अनिवार्य छ र यो आफ्नो स्वार्थ अनुरूपका विशेषता बोकेर खडा हुन्छ। वर्गीय पक्षधरताका कारण वर्गीय प्रेम, वर्गीय घृणा, वर्गीय मान्यता, वर्गीय आदर्श, वर्गीय सद्भाव देखापर्दछ। मानिसहरूका वर्गीय चेतनाको कारण यस्ता भावनाहरू विकास भई वर्गसङ्घर्ष सिर्जना हुन्छ। यिनै कुराहरूको प्रतिबिम्बन साहित्य र अन्य कलामा समेत हुने हुँदा सर्जकले वर्गद्वन्द्वको प्रमुख स्रोतका रूपमा समाजलाई नै लिई सामाजिक घटनाक्रमहरूलाई विषयवस्तु बनाउँछन्। त्यसैले साहित्य र मानिसका वर्गहरू दुवै सामाजिक तत्त्व हुन्। माओका विचारलाई हेर्दा निरपेक्ष रूपमा शाश्वत नभएका कारण द्वन्द्वात्मकता सिर्जना हुन्छ र वर्गले समाजमा कुनै विचार वा कामलाई शाश्वत वा निरपेक्ष हुन दिदैन (चैतन्य २०६४, पृ.१३)। उनका अनुसार वर्ग समाजमा हरेक मानिसका विचार, मान्यता र आदर्श वर्गीय नै हुन्छन्। वर्गसङ्घर्षको मूल कारण समाजका वर्गहरू बिचको वैरभावपूर्ण सम्बन्ध हो। यस्तो सम्बन्धले वर्गसङ्घर्षको सिर्जना गर्छ र सामाजिक रूपान्तरणमा सहयोग पुऱ्याउँछ। सामाजिक परिवर्तनको अपेक्षा राखेर नै वर्गसङ्घर्ष हुन्छ। साहित्यमा वर्गसङ्घर्षका कारण देखिएका सामाजिक, आर्थिक, भौतिक, राजनीतिक तथा नैतिक मूल्य-मान्यता तथा आदर्श सम्बन्धी परिवर्तनहरूलाई परिणतिका रूपमा हेरिन्छ। मानव समाज विकासको क्रमलाई हेर्दा जहिले पनि उत्पीडक वर्ग र उत्पीडित वर्गको बिचमा अन्तर्विरोध चर्कदा सङ्घर्षको सिर्जना भई त्यसको परिणतिका रूपमा पुराना मूल्य, मान्यता, आदर्श आदिमा परिवर्तन भई नयाँ मान्यता र व्यवस्थाको सुरुवात भएको देखिन्छ। वर्गसङ्घर्ष नै वर्गीय मानव समाजको विकासको केन्द्रीय कारण हो। मानव समाजको विकास प्रक्रिया हेर्दा वर्गोत्पत्त्ति र वर्गहरू बिचको वर्गसङ्घर्षका सापेक्षतामा सामाजिक परिवर्तनहरू भएको देखिन्छ (एङ्गेल्स,१९८६,पृ.२०३)। यसरी उत्पीडित वर्ग, किसान, मजदुरवर्गहरूको सङ्गठित शक्तिले पुँजीवादी शोषण विरुद्धमा विद्रोहात्मक आवाज उठाएपछि जहाँ-जहाँ उत्पीडित वर्ग विजयी भए त्यहाँ समाजवादी व्यवस्था लागु भएको देखिन्छ। पुँजीवादबाट समाजवादमा सङ्क्रमण गर्दाका नियमहरूलाई राम्ररी लागु गरेका ठाउँमा समाजवाद टिक्यो तर जहाँ यस नियमको उल्लङ्घन भयो त्यहाँ समाजवादले पनि धक्का खाएको देखिन्छ। यस्ता किसिमका विकास र अवरोधहरू पनि समाजमा विद्यमान वर्गद्वन्द्वकै परिणतिहरू हुन्। यस्ता घटना

परिघटनाहरूबाट साहित्य पनि प्रभावित हुन्छ र त्यसको स्वाभाविक प्रतिबिम्बन साहित्यमा देखा पर्छ । साहित्यमार्फत् अभिव्यक्त भएका यस्ता विषयवस्तुले वर्गीय चेतना अभिवृद्धि गर्छ साथै सामाजिक रूपान्तरणको अपेक्षा राखेर वर्गीय सङ्घर्षलाई बढावा दिन्छ ।

साहित्यमा देखिएका वर्गीय चेतनाका कारण निश्चित वर्गको चेतनाको स्तर अभिवृद्धि हुन्छ । वर्गीय चेतनाले वर्गीय प्रेम, वर्गीय एकता, वर्गीय घृणा, वर्गीय आक्रोश सिर्जना गर्ने हुँदा स्वाभाविक रूपमा वर्गसङ्घर्ष सिर्जित हुन्छ । वर्गसङ्घर्षबाट पुरातन मूल्य, मान्यता र आदर्शमा परिवर्तनका साथै नवीन चेतना, नवीन संस्कार तथा मूल्य र मान्यताको विकास भई सामाजिक, राजनीतिक रूपान्तरणका परिणतिहरू देखा पर्दछन् । यिनै आधारमा साहित्यमा देखिने वर्गसङ्घर्षका परिणतिहरू अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

लाहुरी भैंसी कथामा वर्गीय पक्षधरताको सशक्त रूपमा प्रयोग भएको पाइन्छ । लाहुरी भैंसी कथामा कथाकारले विश्व मानवता र मानवीय करुणालाई बढी महत्त्व दिएर प्रस्तुत गरेको पाइन्छ । यस कथामा निम्न वर्गीय पात्र लुखुरे र उच्चवर्गीय पात्र द्वारेबाका बिच सङ्घर्ष देखिने भएकाले यस कथामा व्यक्ति र शोषित वर्गप्रति सहानुभूति प्रकट गरिएको पाइन्छ । यिनै परिणतिलाई तल अध्ययन गरिएको छ ।

## लाहुरी भैंसी कथाको कथाबस्तु

लाहुरी भैंसी कथामा नेपाली ग्रामीण समाजको निम्नवर्गीय परिवारको किसान लुखुरेले आफ्नो श्रीमतीको नाककानको सुन मासेर जग्गा धितो राखी ऋण काढेर दुना भैंसी किनेर ल्याउँछ । गरिव लुखुरेको घरमा भैंसी बाँधेको द्वारे बाले देख्छन । भैंसी बाँधेको देखेपछि द्वारे बाको मनमा सामन्ती चरित्र देखा पर्छ । इर्ष्या भावले द्वारेको मनमा खैलाबैला उत्पन्न गराएबाट कथाको सुरुवात भएको छ ।

घरमा राम्रो लाहुरी भैंसी आएपछि लुखुरेको सपरिवार खुसी छन् तर त्यो खुसी लामो समयसम्म रहन पाउँदैन । समाजको सामन्ती छिमेकमा सबैले मानेका व्यक्ति द्वारेलाई राम्रो लाहुरी भैंसी देखेर डाहा लाग्छ । उसले कपटपूर्ण जाल रची भैंसीमा खोट देखाउँदै लुखुरेलाई विश्वस्त तुल्याउन इशाराले आफ्ना चम्चे भरौटे रामबीरे, खुलाल र घमानेलाई समर्थन गर्न लगाउँछ । हेर्दा भैंसी हृष्टपुष्ट हट्टाकट्टा देखिए पनि गाउँमा सबैले मानेका मान्छे र अरुले समेत रोगी ठहर गरेपछि गरिव लुखुरे चिन्तित बन्छ । केही समय अगाडिसम्म खुसी पत्नी घैंटी नानाभाँती गाली गरी लोग्नेसँग बाभ्न थाल्छे । भएका सबै गहना र जग्गा धितो राखी ऋण काढेर किनेको भैंसी ऋणमा जाकिएर मर्नै पो हो कि भन्ने चिन्ताले गरिव लुखुरेलाई रातभरि निन्द्रा लाग्दैन । अर्कोदिन द्वारेबाको घरमा भैंसीको चर्चा हुन्छ । लुखुरेमाथि द्वारेबाले लुखुरेमाथि भुठो विश्वास दिलाएको नाटक गरेपछि घमाने, सीताराम पण्डित र बुढाथोकीले द्वारेको पक्ष लिन्छन् । नेपाल बाहुनको रु २५०।– ऋण तिर्ने पैसासम्म पाए लुखुरेले बाँकी घाटा सहेर भएपनि भैंसी दिन तयार भएपछि द्वारे आफू घाटामा परेर भएपनि लुखुरेलाई सहयोग गरेको नाटक मञ्चन गरी लुखुरेले किनेकोभन्दा धेरै कम मूल्यमा लाहुरी भैंसी किनिदिन्छन र द्वारेको लाहुरी भैंसी हातपार्ने कुटिल योजना साकार हुन्छ भने लुखुरे षडयन्त्रको सिकार बन्न पुग्छ ।

यसरी आर्थिक अवस्थामा सुधार ल्याउन कोसिस गरिरहेको एउटा गरिव लुखुरेलाई गाउँका शोषक जाली फटाहा द्वारेबाले अनेक तिकडम गरेर असफल बनाउँछ ।

## समाजको सामन्ती चरित्रमा केन्द्रित वर्गसङ्घर्षको परिणति

*'लाहुरी भैंसी'* कथामा तत्कालीन ग्रामीण नेपाली समाजमा अशिक्षाका कारण माथिल्लो वर्गमा रहेका ठुला भनाउँदाहरूबाट निम्न वर्गका मानिसहरू हेपिने तथा उच्च वर्गकाहरूको खराब संस्कृति भएको कुरा उद्घाटित् भएको छ । प्रस्तुत कथाको सुरुमा नै द्वारे बाले लुखुरेको आँगनमा भैंसी बानेको देख्ने वित्तिकै सामन्ति प्रवुति देखाएको छ "लुखऱ्या घराँ त निकै रमभ्कम देखिन्छ नि ? आँगनाँ पनि निकै

मान्छे भ्याम्एिका छन्'' (अनुच्छेद.१) सामन्तिले आफ्नो वरिपरि भरौटे राखेर सही थाप्ने भरौटे हुने कुरा कथामा आएको छ “ रामे ! ए रामे ! लुखुरेका आँगनाँ के को रुमलो हो हेर हेर ! एउटा कालो त डिङ्गो जस्तो पनि देखिन्छ नि ? हँ, बा ? होइन बा, अस्ति लुखुरे भैंसी लिन जान्छुभन्थ्यो नि, ल्यायो पो कि त ! ”(अनुच्छेद.१) । नेपाली समाजमा मान्यजनलाई हिन्दू धर्म संस्कार अनुसार खुट्टामा शिर राखेर ढोगिदिने प्रचलन रहेको छ । यस्तो प्रचलनको अभिव्यक्ति प्रस्तुत कथामा रामवीरेले द्वारे बालाई ढोगिदिएको लेखकीय वर्णनमा आएको छ “रामवीरे बडबडाउदै द्वारे बाका आँगनतिर उक्ल्यो द्वारे बाका गोडामा ढोग्यो ” (अनुच्छेद.१) । लुखुरेले गाउँमा ऋण काढेर भएपनि एउटा गतिलो भैंसी किन्ने कुरा गरेको बारेमा सुनेका द्वारे बाले लुखुरेको आगनमा भैंसीजस्तो वस्तु देखेपछि ऊ यस्तो भाव प्रकट गर्दछ “ लुखुरे नाथेले भैसी ल्याउने ! यो कसरी हुन सक्छ ? ” (अनुच्छेद.२) । सबै गाउँलेले द्वारे बालाई मानसम्मान गर्ने गरेको तथा कुनै नयाँ काम सुरु गर्नुअघि उसलाई सोध्ने गरेको भए पनि लुखुरेले उसलाई नसोधी भैंसी किनेकोछ “कस्तो भैंसी ल्याएछ हँ, लुखे बजियाले ? ……… ” ( अनुच्छेद.३) । द्वारे बाको भरौटे रामेले लुखुरेको लाहुरी भैंसी हात लगाउन उसको षडयन्त्रमा साथ दिएको छ “ उनका आँखा एक टीठ लागेर लुखुरेको आँगनतिर हेरिरहेका थिए । सायद उः पनि आफ्नो यस्तै भै.सी बाँधिएको, अनि रुमलो भएको सपनामा चाहार्न पुगेको थिया ” (अनुच्छेद.४) । द्वारे बाले अनेक छलछाम गरेर बुर्जुवा स्वभाव यसरी देखाएको छ“ भैंसीलाई त अलि बढी नै हालिछस । दुध कति देला ? कल्चौंडा मात्र भएर के गर्नु, मासु खान भएन मोटो छ भनेर ! ” (अनुच्छेद.१३) । नेपाली ग्रामीण समाजमा गाउँका ठुला भनाउँदाहरूको घरमा गाउँभरिका बुज्रुक तथा अन्य व्यक्तिहरू जम्मा भएर गफसफ गर्ने, गाउँ समाजका बारेमा छलफछ गर्ने, कसैको टीकाटिप्पणी गर्ने प्रचनल रहेको हुन्छ । त्यही प्रचलन अनुरूप प्रस्तुत कथामा द्वारे बाका घरमा पनि गाउँका बुज्रुकहरू जम्मा भएको कुरा कथाकारले यसरी देखाएका छन् “भोलिपल्ट द्वारे बाका पिँढीमा गाउँका बुज्रुकहरू जम्मा भएका थिए । गाउँको चलन बिहान बेलुकी तमाखु खान गफसफ गर्न, दुःख दर्द पोख्न ठुला ठालुकै घरमा जम्मा हुन्छन् । त्यहाँ गाउँ भरिको टीका टिप्पणी हुन्छ र भइ रहेको थियो” (अनुच्छेद.३२) । साँझ बिहान तमाखु खाने नेपाली समाजको प्रचलनलाई पनि यस कथामा प्रस्तुत गरिएको छ । यद्यपि अहिले यो प्रचलन हराउँदै गएको पाइन्छ । आफूले भनेको कुरालाई सत्य साबित गर्न क्रिया हाल्ने नेपालीको चलनलाई पनि प्रस्तुत कथा सङ्ग्रहमा विकलले स्थान दिएका छन् .। यस्तो चलनको प्रतिनिधित्व गर्ने पात्र ‘लाहुरी भैँसी’ कथाका सीताराम पण्डित हुन् । लुखुरेको लाहुरी भैँसीलाई रोगी नै छ भनी विश्वास दिलाउनको लागि उनले बोलेको निम्न लिखित अभिव्यक्तिमा यस प्रकारको संस्कार पाइन्छ । “यसको भैँ सी खोटी रहेनछ रे भने त हाम्रा मुखाँ अभच्छे हालिदिनु ” (अनुच्छेद.३९) । द्वारे बाले गरिबीको फाइदा उठाएर लुखुरेलाई भैंसी खोटी देखाई भैंसी हुत्याउने दाउले सामन्ती प्रवृति देखाएको छ “ क्यागर्छस त बाबै तेरो वुद्धिले त हो, हामीले गरेर, हाम्रा सल्लाले होइन । हामीलाई के भन्छस ! ” ( अनुच्छेद.४०) । गरिबलाई चारैपट्टी चम्चेहरू राखेर अनेक तिकडम अपनाई सस्तोमा भैंसी किनेर लैजान्छ

> “के तिमीहरू सबै त्यसै भन्छौ भने त ? त्यसै हो भने म के भनौं ! एउटा गरिबको उपकारै सही । तर ………भैगो त लुखुरे पनि सय-पचासको मुख नहेरेस । कि त सौ पचास खर्चेर भैंसी तयार गराईछाडे, कि खौलामा जाकिएँ । ………एउटा गरिबके उपकारै हुन्छ भने……..लौ के भन्छस् लुखुरे ? ” (अनुच्छेद.५०) ।

यसरी एउटा आर्थिक अवस्थामा परिवर्तन ल्याउन कोशिस गरेको एउटा गरिब किसानले सामन्तको चपेटामा परेर भएका वस्त गुमाउन पुग्छ ।

**कथानकमा वर्गसङ्घर्ष**

लाहुरी भैंसी कथामा निम्नवर्गीय पात्र लुखुरे र उच्चवर्गीय पात्र द्वारेबाका बीच सङ्घर्ष देखिने भएकाले यस कथाको कथानकमा वर्गीय चेतना प्रवल पाइन्छ । लुखुरेले गाउँमा ऋण काढेर भए पनि एउटा गतिलो भैंसी किन्ने कुरा गरेको बारेमा सुनेका द्वारेबाले लुखुरेले आगनमा भैंसीजस्तो वस्तु देखेपछि ऊ इर्ष्याभावले अतालिएको प्रसङ्गबाट कथानक प्रारम्भ भएको छ । यसलाई निम्न साक्ष्यले प्रष्ट पार्छ

> "लुखुऱ्याके घराँ त निकै रमझम देखिन्छ नि ? आँगनाँ पनि निकै मान्छे भ्याम्एिकाछन । "
> -द्वारे बाले आँगनको डीलबाट नियालेर हेरे, लुखुरेको आँगनमा एउटा कालो-कालो वस्तुपनि देखिन्थ्यो । "क्या हो त्यो, लुखुरेको आँगना ? " उनी आफैं हडबडाए, मानौं त्यहाँ वरिपरि अर्कै कुनै मानिस हर्दम उनको कुरामा सही थाप्न खडा भएर बसि रहेको हुन्छ ...........हो ल्याएछ ए बजियाले ! " (अनुच्छेद.१) ।

लुखुरेको आँगनमा  लाहुरी भैंसी किनेर ल्याएपछि परिवारमा खुसी आएको छ । द्वारेलाई लाहुरी भैंसी देखेर छटपटी हुन्छ " कति हालिस, ए लुखे ? " (अनुच्छेद.११) । पत्नी घैंटी र छोरा पोडे सपरिवार खुसीले फुरुङ्ग देखिएपनि खुसी लामो समय टिक्दैन " उनले लाहुरीको  चारैतिर घुमेर जाँचे अनि अन्त्यमा बडो गम्भिर भएर हुन सकेसम्मको सहानुभूति स्वरमा छरे -बाबै, भैंसी त धम्की छ, कसो ए रामे, हेर त, कि मैले जानिनँ ? " (अनुच्छेद.१४) । अघि सम्म खुसी भएकी घैंटी तथानाम गाली गरेर बाज्न थाल्छे " खाइस अभागी ग्वाङ्ग्रा ! यसो आफूभन्दा जान्ने सुन्ने दुई चार जनालाई लगेर देखाउनुपर्छ , त्यत्रो पैसा लगेर भङ्खाराँ वैरियो कि वैरिएनौ ! वुद्धिमा डढेलो सल्के को ! " (अनुच्छेद.२५) । यसलाई मध्यभाग मान्न सकिन्छ ।

नेपाली ग्रामीण समाजमा गाउँका ठुला भनाउँदाहरूको घरमा गाउँभरिका बुज्रुक तथा अन्य व्यक्तिहरू जम्मा भएर गफसफ गर्ने, गाउँ समाजका बारेमा छलफछ गर्ने, कसैको टीकाटिप्पणी गर्ने प्रचनल रहेको हुन्छ । त्यही प्रचलन अनुरूप प्रस्तुत कथामा द्वारे बाका घरमा पनि गाउँका बुज्रुकहरू जम्मा भएको कुरा कथाकारले यसरी देखाएका छन् "भोलिपल्ट द्वारे बाका पिँढीमा गाउँका बुज्रुकहरू जम्मा भएका थिए । गाउँको चलन बिहान बेलुकी तमाखु खान गफसफ गर्न, दुःख दर्द पोख्न ठुला ठालुकै घरमा जम्मा हुन्छन् । त्यहाँ गाउँ भरिको टीका टिप्पणी हुन्छ र भइ रहेको थियो" (अनुच्छेद.३२) । द्वारे बाले गरिब लुखुरेमाथि मित्थ्या सहानुभुति देखाएको नाटक गरेपछि गाँउका चम्चे बुढाथोकी, घमाने र सीताराम पण्डितले समर्थन गर्दछन् । लुखुरे नेपाल बाहुनको २५० रुपैयाँ तिर्नेसम्म पैसा पाए अरु घाटा सहेर भएपनि भैंसी दिन राजी भएपछि द्वारे बाले आफू भडखालामा परेर भएपनि

> "के तिमीहरू सबै त्यसै भन्छौ भने त ? त्यसै हो भने म के भनौं ! एउटा गरिबको उपकारै सही । तर .........भैगो त लुखुरे पनि सय-पचासको मुख नहेरेस । कि त सौ पचास खर्चेर भैंसी तयार गराईछाडे, कि खौलामा जाकिएँ । .........एउटा गरिबके उपकारै हुन्छ भने........लौ के भन्छस् लुखुरे ? " (अनुच्छेद.५०) ।

लुखुरेलाई सहयोग गरेको नाटक गर्दछ । उसको कुटिल योजना सफल हुन्छ र लुखुरे षडयन्त्रको सिकार बन्न पुग्छ। यसरी कथाको अन्त्य हुन्छ ।

## पात्रमा वर्गसङ्घर्ष

कथामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा आएका विभिन्न व्यक्तिहरू वा मानवीय चरित्रको विशेषता बताउन आउने मानवेत्तर प्राणीहरू नै पात्र हो । कथामा पात्रको कार्यव्यापारबाट घटनाको सुरुवात हुँदै कथा अगाडि जान्छ । 'लाहुरी भैँसीं 'कथाको केन्द्रीय पात्र लुखुरे र द्वारेबा हुन । सहायक पात्र घैंटी, पोडे, रामवीर, घमाने, खलाल, सीताराम पण्डित, बुढाथोकी, कान्छी घर्तिनी, ज्याम्दीका ढकाल र नेपाल बाहुन रहेका छन् भने अमानवीय पात्रका रूपमा लाहुरी भैंसी र त्यसको पाडो रहेको छ ।
'लाहुरी भैँसीं ' कथामा सामन्तका रूपमा द्वारेबा र रामवीर, घमाने, खलाल, सीताराम पण्डित र बुढाथोकी द्वारेको चम्चेको रूपमा देखिएका छन् । निम्नवर्गीय, श्रमिक, किसान र शोषित पात्रको

रूपमा लुखुरे देखापरेको छ । लुखुरेमा क्रान्तिकारी विचार पाइन्छ । जसको फलस्वरूप लाहुरी भैँसी किनेर आँगनमा बाँधेको छ तर गाँउका कसैलाई वाल मतलब गरेको छ " लुखुऱ्या घराँ त निकै रमझम देखिन्छ नि ?" (अनुच्छेद.१) । " लुखे बजियाले भैँसी ल्याएछ ? " (अनुच्छेद.२) । गाँउको ठूलाठालु सामन्तलाई पत्तै नदिई भैँसी किनेर ल्याउनु लुखुरेको परम्पराप्रतिको एउटा विद्रोह नै मानिन्छ । जसले गर्दा द्वारेको मनमा ठेस लाग्न पुग्दछ

> " खोइ बाबै यसै भन्न त कहाँ सकिन्छ र भैँसीको जात ! " - यति भनेर उनी भैँसीको नजिक गए । नजिकै गएर उनले भैँसीको सबै कुरा जाँचे - निहुरे र कल्चौंडा जाँचे, चारैतिर घुमेर जिउ-डाल, आँखा, सिङ सबै जाँचे फराकिलो पुठ्ठा, बाह्रमाने बाटोजत्रो कल्चौंडो, अनि मोटा-मोटा थुन, अनिचिल्लो कालो झिँगा पनि चिप्लेलाजस्तो आङ, नौला निर्दोष आँखा, छोटा-छोटा, मोटा-मोट सिङ- भैँसी साँच्चै गतिलो देखिन्थ्यो, रहरलाग्दो । द्वारेबाको मन धमिलिएर आयो-धुँवालेध्वाँस्सिएर कपडा धमिलिएजस्तो " (अनुच्छेद.१२) ।

सामन्ती द्वारेको मनमा कुटिलता जागेर आउँछ र भैँसीममा खोट देखाउँछ

> "......बाबै भैँसी त धम्की छ, कसो ए रामे, हेर त , मैले जानिनँ ? रामवीरेले एकपटक द्वारेबाको आँखामा हेऱ्यो, अनि उनले जस्तै भैँसीको चारैतिर घुमेर जाँच्यो । अनि खलाल, घमानेले पनि त्यही अभिनयलाई दोहोऱ्याय । अन्तमा रामवीरेले बडो लाचारीसाथ घोषण गऱ्यो,'द्वारेबाका आँखा किन झुक्किन्थे र ? यस्ता कत्ना-कत्ना भैंसी खेलाइसक्नुभा' पो त, कसो घमाने दाइ ? धम्की नै होइन त ? " (अनुच्छेद.१४) ।

शोषक द्वारेले सहानुभूति देखाए जस्तो गरेर सामन्ती प्रवृत्ति देखाउँछ " क्यार्छस त बाबै तेरो बुद्धिले त हो , हामीले गरेर, हाम्रा सल्लाले होइन । हामीलाई के भन्छस् ! " (अनुच्छेद.४१) । द्वारेको शोषक प्रवृतिले लुखुरेको लाहुरी भैँसी हुत्याएरै छाड्छ " तँ के भन्छस त लुखे ?''-द्वारेबाका आँखा घोच्ने काँटका थिए " (अनुच्छेद.५४) । लुखुरेसँग कम दाममा भैँसी ल्याएपछि द्वारेको सक्कली स्वरूप यसरी देखाउँछ " कसो रामे, भैंसी हीरा छैन त ? " (अनुच्छेद.५७) ।

यसरी कथामा शोषकले कतिसम्म निम्नवर्गीय पात्रमाथि शोषण गर्दछ र गरिब निमुख सामन्तीका चपेटामा परेर घरवार सुम्पेर उठिबास लाउनु परेको छ । 'लाहुरी भैँसी' कथामा उच्चवर्गीय पुँजीपति वर्गले गरिबको सम्पत्ति हत्याएको पात्रमा वर्ग सङ्घर्ष रहेको देखिन्छ ।

## परिवेशमा वर्गसङ्घर्ष

कथामा चित्रण गरिएको देश, काल र वातावरणलाई परिवेश भनिन्छ । साहित्यमा प्रस्तुत हुने घटनाहरू परिवेशका उपज हुन् । कथामा परिवेश भन्नाले कुनै खास , काल र वातावरणको चित्रण बुझिन्छ । जुन समय र स्थानमा कथाका घटनाहरू घटेका हुन्छन् । त्यो नै त्यस कथाको देशकाल वातावरण हो । कथाको कार्यव्यापारसँग सम्बन्धित विशेष देश, काल र ति अथवा कुनै समाज, जाति वा वर्गको आचार-विचार, सभ्यता र संस्कृतिक, सामाजिक, राजनैतिक, अर्थनैतिक आदि पक्षको चित्रणलाई परिवेश भनिन्छ । रचनाकार आफ्नो युगीन पृष्ठभूमिबाट एकदमै पृथक भएर बस्न सक्दैन र युगका स्थिति-परिस्थितिको छाप उसको कृतिमा स्वतः पर्ने हुनाले कथानकका गतिलाई आवद्ध गर्न र चरित्र तथा पात्रको चारित्रिक कार्य विशेषता चित्रण गरेर कथालाई पूर्णता प्रदान गर्न परिवेश निर्माणको आवश्यकता देखिन्छ । देश कालको प्रभावोत्पादक प्रस्तुतिद्वारा कथाले प्रथमतः पाठकका मनमा विश्वास उत्पन्न गराउँछ र द्वितीयतः परवर्ती कालका निम्ति रोचक इतिहास निर्माण गर्दछ (शुक्ल,सन १९८५, पृ.२) । परिवेशलाई देशकाल, वातावरण, कार्यपीठिका, पृष्ठभूमि, दृश्य,परिवृत प्रर्यावरण जस्ता शब्दहरूले पनि बुझाउन खोजेको पाइन्छ । परिवेश अलिक व्यापक विषय हो, यसभित्रै देशकाल बातावरण, कार्यपीठिका र पर्यावरण तत्व पर्दछन् । देशकालले कथाको सामान्य कथास्थल वा घटना रुथल र कथाकाल अथवा

घटना भएको कार्यव्यापारको समय बुझाउँछ भने पर्यावरण अन्तर्गत रीतिथिति, व्यावहारिक जीवन, रहनसहन प्राकृतिक पृष्ठभूमि तथा वातावरणलाई समेत बुझाउँछ (हडसन, सन १९९२,पृ ११) ।
कथामा कथा परिवेशको रूपमा आउने अञ्चल विशेषका भाषिका, वेशभूषा, रीतिथिति वा संस्कार-संस्कृति, पात्रहरूले त्यसभित्र सोच्ने र अनुभब गर्ने तौर-तरिकाको विस्तारपूर्वक गरिएको प्रस्तुतिलाई स्थानीय रङ्ग भनिन्छ र त्यही स्थानीय रङ्ग कथाको आन्तरिक विशिष्ट र अत्यन्त अनिवाइ तत्वका रूपमा प्रस्तुत हुन आएको छ छ भने त्यो आञ्चलिकता हुन्छ । आञ्चलिक स्पर्श भएका कथाहरूमा कथागत स्थलको साङ्गो पाङ्गो विवरण, धार्मिक, सामाजिक, राजनैतिक, अर्थनैतिक, सांस्कृतिक पक्षको चित्रण, भौगोलिक अवस्थिति पात्रको संवेगात्मक वातावरष तथा परम्परागत चाड-पर्व आदि पक्षको प्रस्तुति पाइन्छ (श्रेष्ठ, २०३९, पृ. १४३) ।
वस्तुतः कथालाई समयसापेक्ष र स्वाभाविक बनाउने कार्यमा परिवेशले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। समाजका स्थिति, परिस्थिति, जीवन-दर्शन, प्रकृति, भौगोलिक पृष्ठभूमि, सांस्कृतिक चेतना तथा विविध घटनात्मक प्रतिक्रियाद्वारा कथामा परिवेश निर्धारण हुन्छ र यसको संयोजनले कथालाई स्वभाविक र जीवन्त तुल्याउँदछ ।

*लाहुरी भैँसी* कथाले वर्गीय पक्षधरता अभिव्यक्त गरेकाले तदनुसारको परिवेशको विकास प्रस्तुत गरिएको छ । ग्रामीण परिवेशमा घटेका घटनाहरू प्रस्तुत भएको छ । निम्नवर्गको आर्थिक समस्याको चित्रण गर्दै सामन्तीले शोषण र थिचोमिचोको जीवन्त चित्रण यसमा पाइन्छ । द्वारेबा जस्ता सामन्तीको षडयन्त्रमा परेर लुखुरे जस्ता गरिव दुःखीहरू कसरी ठगिन पुग्छन भन्ने वास्तविकतालाई प्रस्तुत गरेको छ । ग्रामीण समाजमा आँगनको डिलबाट हेरेर निम्नवर्गमाथि चियाउने प्रवृतिलाई यसरी प्रस्तुत भएको छ "-द्वारेबाले आँगनको डिलबाट नियालेर हेरे, लुखुरेको आँगनाँ एउटा कालो-कालो वस्तु पनि देखिन्थ्यो " (अनुच्छेद.१) । शोषकले आफ्ना भरौटेहरूलाई वरिपरि राखेर सही थाप्न लगाउने प्रवृतिलाई प्रस्तुत गरेको छ "रामे ! ए रामे ! लुखुरेको आँगनाँ के को रुमलो हो हेर हेर ! एउटा कालो डिङ्गो जस्तो पनि देखिन्छ ? " हँबा ? होइन बा, अस्ति लुखुरे भैँसी लिन जान्छु भन्थ्यो, ल्यायो पो कि त ! " (अनुच्छेद.१) । शोषक सामन्तीहरू अर्काको राम्रो वस्तु देखेपछि त्यसलाई आफ्नो हात लगाउन अनेक हतकण्ठा अपनाउछन भन्ने साक्ष्य यसमा देखिएको छ

> " कति हालिस ए लुखे ? " मग्न भएर लाहुरीलाई सुम्सुम्याइ रहेको लुखुरे द्वारे बाको गुलियो स्वरले झस्क्यो ।- हँबा ? " उसले हडबडाएर हेऱ्यो, द्वारे बा आँगनमा ! ऊ हडबडाएर उठ्यो, हत्त पत्त द्वारे बाको गोडामा ढोगिदियो , अनि लेग्रो तानेर भन्यो -अँ..........बा काँबा पऱ्यो नाँइ गोडा सत्रेक वीस ! कि कसो बा ? ! " (अनुच्छेद.११) ।

सामन्ती द्वारे बाले लुखुरेलाई कमजोर बनाउन यसरी षडयन्त्र रच्दै छ " भैँसीलाई त अलि बढी नै हालिछस । दुध कति देला ? कल्चौंडा मात्र भएर के गर्नु, मासु खान भएन मोटो छ भनेर ! " (अनुच्छेद. १३) । लुखुरेले आफ्नो प्रतिक्रिया दिएर भैँसी खोटी नभएको प्रमाणित गर्न खोज्छ " होइन बा ज्याम्दिको ढकाल त किरिया हाल्थे नि ? केही खोट रहेछ भने सित्तै भो भन्थे नि ? ".........तैपनि उसले छाम्ने कोसिस गऱ्यो " (अनुच्छेद.१८) । गरिबले ऋण काढेर भए पनि आफ्नो परिवार सुधार्न चाहन्छ " रिन गऱ्या तहोला नि " (अनुच्छेद.३५) । लुखुरे आफू गरिब भएर ऋण कसरी तिर्ने भन्दै छटपटाएको छ " बा म त बितें । अब के गरौं बा ? म त खौलां परें " (अनुच्छेद. ४२) । शोषकले गरिबको पीडामा रमाउने तरनजादिो पारामा भन्दछ " तँलाइ त अखडै पऱ्यो ।अब के गर्छस ? "..........यसलाई उकास्न आफू खौलाँ परौं ? " (अनुच्छेद. ४२- ४४) । अरूलाई साक्षी राखेर ठग्ने शोषक सामन्तीको चरित्र देखिएको छ

> " के तिमीहरू सबै त्यसै भन्छौ त ? त्यसै हो भने म के भनौं ? एउटा गरिबको उपकारै सही । तर भैगो लुखुरे पनि सौ-पचासको मुख नहेरेस । कि त सौ-पचास खर्चेर भैँसी तयार

गराइछाडे, कि जाक्किएँ ।.......एउटा गरिबको उपकारै हुन्छ भने.............लौ के भन्छस- लुखुरे ? " (अनुच्छेद. ४७) ।

शोषकहरू गरिबको सामान आफ्नो हातमा परेपछि खुसी व्यक्त गर्दछन " कसो रामे, भैँसी हीरा छैन त ? " (अनुच्छेद. ५३) ।

*लाहुरी भैँसी* कथामा ग्रामीण समाजलाई परिवेशको रूपमा स्थापना गरी समाजमा सामन्ती शोषकहरूले निम्न वर्गका मानिसका वस्तु वा साधनमा खोट देखाएर त्यसलाई जसरी पनि आफ्नो पकडमा ल्याउन नभएको कुरालाई साँचो बनाउने परिवेश खडा गराएर समाजमा शोषक र शोषित बीचको वर्ग सङ्घर्षलाई प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

मार्क्सवाद एक वैज्ञानिक, गतिशील र सर्वहारावर्गको मुक्तिको पथप्रदर्शक मान्यता हो । मार्क्सवादका द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद तीन महत्वपूर्ण पक्ष रहेका छन् । मार्क्सवाद भौतिकवादी दर्शन भएकाले पदार्थलाई पहिलो र चेतनालाई दोस्रो ठान्छ । द्वन्द्वात्मक भौतिकवादले चेतना र पदार्थलाई भिन्न र विरोधी तत्व नभएर एकअर्कासँग सम्बन्धित मान्छ भने पदार्थबाट चेतनाको जन्म हुने मान्यता राख्छ ।

शोषक सामन्ती द्वारे बाले गरिब लुखुरेको भैँसी माथि गरेको षडयन्त्रबाट भैँसी आफ्नो बनाउनु *लाहुरी भैँसी* कथाको सार हो । निम्नवर्गीय किसानले ऋण काढेर किनेको भैँसी शोषक द्वारे बाले जालसाँची गरी हात पारेको र गरिब लुखुरे शोषणमा परेकाले वर्गसङ्घर्ष रहेको सहजै देख्न सकिन्छ ।

## सन्दर्भ सामग्री

ज्ञवाली, ईश्वरचन्द्र (२०६६). *वर्गसंघर्षको सन्दर्भ संस्कृति र सौन्दर्य.* प्रगतिशील अध्ययन केन्द्र ।

ढकाल, घनश्याम (२०६४). *द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद.* कास्की : नेपाल राष्ट्रिय बुद्धिजीवी संगठन

भट्टराई, कृष्ण (२०७२). नेपाली प्रगतिवादी साहित्यको वैचारिक धरातल. समीक्षा जर्नल, १०(२)पृ. ५५-६० ।

मार्क्स-एङ्गेल्स (२०६४). *कम्युनिष्ट पार्टीको घोषणा-पत्र.* अनु. कृष्णप्रकाश श्रेष्ठ, काठमाडौँ : प्रगति पुस्तक पसल ।

मार्क्स, एङ्गेल्स र अन्य. *द्वन्द्वात्मक भौतिकवाद (मार्क्सवादका आधारभूत सिद्धान्तहरू).* (सम्पा. तथा अनु. रमेश सुनुवार). प्रगति पुस्तक सदन ।

लुइटेल, खगेन्द्र (२०६७). *नेपाली साहित्यमा रमेश विकलको योगदान* । ttps://www.samakalinsahitya.com/?show=detail&art_id=2456 2077/03/24,

विकल, रमेश (२०७५). *लाहुरी भैँसी* http://baahrakhari.com/news-details/57475/index.php. शनिबार, असार २,

शुक्ल, रामनारायण (सन् १९८५). *जनवादी समझ और साहित्य.* वाराणसी : विश्व विद्यालय प्रकाशन ।

श्रेष्ठ, कृष्णदास (२०४२). *मार्क्सवादका विचारधारात्मक स्रोतहरू.* प्रगति प्रकाशन ।

श्रेष्ठ, कृष्णदास (२०५६). *ऐतिहासिक भौतिकवाद.* काठमाडौँ : जनसाहित्य प्रकाशन ।

श्रेष्ठ, कृष्णदास (२०६२). *द्वन्द्ववाद र द्वन्द्वात्मक प्रयोगबारे*. तेस्रो संस्क. काठमाडौँ : विश्व नेपाली पुस्तक सदन ।

श्रेष्ठ, दयाराम. (२०३९). *पच्चिस वर्षको नेपाली कथा* . काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रष्ठिान ।

हडसन, डब्लु.एच.(सन् 1992 *एन इन्ट्रोडक्सन टु द स्टडी अर्थ लिटरेचर*. पृ.२ ।

## लेखक परिचय

**सुनील अर्याल** त्रिभुवन विश्वविद्यालय अन्तर्गत द्रव्य शाह बहुमुखी क्याम्पस, गोरखाका सहायक प्राध्यापक हुनुहुन्छ । नेपाल खुला विश्वविद्यालयबाट एम.फिल. (विशिष्ट श्रेणी) र त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर (एम.ए.) तह उत्तीर्ण अर्याल प्रगतिवादी नेपाली उपन्यास, लोकवार्ता र उत्तर आधुनिकतावादका विशिष्ट अध्येता हुनुहुन्छ। DMC जर्नलका सम्पादक अर्यालले हालसम्म ४० भन्दा बढी शोधार्थीहरूको सफल शोध-निर्देशन गरिसक्नुभएको छ । उहाँ नेपाली भाषा-साहित्य र समालोचनाको प्राज्ञिक अनुसन्धानमा निरन्तर सक्रिय हुनुहुन्छ ।